प्रदेश प्रमुख

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
गण्डकी प्रदेश, पोखरा

गण्डकी प्रदेश
पोखरा नेपाल
फोन नं. ०६१-५७०८८३

# बकर ईद (ईद-उल-अज्हा) पर्व, २०८३ को शुभकामना सन्देश

मुस्लिम समुदायको महान् पर्व इद-उल-अज्हा (बकर ईद) को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण इस्लाम धर्मावलम्बी दिदीबहिनी तथा दाजुभाइहरूमा सुख, शान्ति तथा समृद्धिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

मुस्लिम समुदायको दोस्रो ठूलो चाडको रुपमा रहेको यो पर्व आपसी रिस, राग र द्वेषलाई बिर्सेर भाइचारा र पारिवारिक मिलनको रुपमा मनाउने गरिन्छ । बलिदान (कुर्बानी) को पर्वका रूपमा मनाइने बकर ईदमा नमाज पढ्नुका साथै अल्लाहको प्रार्थना गरी हर्षोल्लासपूर्वक मनाउने गरिन्छ । यो पर्वमा पवित्र स्थल साउदी अरबको मक्कामा हज गर्न हरेक वर्ष विश्वभरिबाट लाखौं इस्लाम धर्मालम्बीहरू पुग्दछन् ।

नेपाल बहुजातिय, बहुभाषिक, बहुसाँस्कृतिक तथा बहुधार्मिक मुलुक हो । विविधता हाम्रो आकर्षण र विविधता भित्रको एकता नै हाम्रो विशेष पहिचान हो । बहुधर्म र बहुसँस्कृतिले हाम्रो समाजलाई पारस्पारिक सम्मानसहित अघि बढ्न अभिप्रेरित गरिरहेका छन् । आपसी विविधताबीचको एकताले नै राष्ट्रिय भावनालाई प्रगाढ बनाउँदै आपसी भाइचारा र समानताको सन्देश प्रवाह गर्न मद्दत गर्दछ भन्ने मेरो विश्वास रहेको छ ।

अन्तमा, इद-उल-अज्हा (बकर इद) पर्वले सबै नेपालीहरूबीच राष्ट्रिय एकता, सहिष्णुता र सद्भाव कायम गरी समृद्ध र समुन्नत समाज निर्माण गर्न प्रेरणा प्रदान गरोस् भन्ने शुभकामना प्रकट गर्दछु ।

२०८३ जेठ १४ गते बिहीबार ।
ने.सं. ११४६ अनालाथ्व द्वादशी-१२ ।

डिल्लीराज भट्ट
प्रदेश प्रमुख

प्रदेश प्रमुख

प्रदेश प्रमुख

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
गण्डकी प्रदेश, पोखरा

गण्डकी प्रदेश
पोखरा नेपाल
फोन नं. ०६१-५७०८८३

# गणतन्त्र दिवस, २०८३ को शुभकामना सन्देश

आज १९ औं गणतन्त्र दिवस । जनताको संघर्षको माध्यमबाट जनताले विजय हाँसिल गरेको विशेष दिन । यस अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली आमाबुवा, दिदीबहिनी एवं दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु । गणतन्त्र स्थापनार्थ भएको १९ दिने जनआन्दोलन २०६२/०६३ एवम् विभिन्न संघर्षहरुमा गौरवमय परिवर्तनका लागि प्राण उत्सर्ग गर्नुहुने सम्पूर्ण महान् सहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । यस क्रममा घाइते तथा अपाङ्गता हुनुभएकाहरू, बेपत्ता योद्धाहरूको उच्च कदर गर्दछु । लोकतन्त्रका लागि सङ्घर्ष, त्याग र बलिदान गर्नुहुने सम्पूर्ण अग्रजको योगदानको स्मरण गर्दछु ।

व्यक्तिको जन्मका आधारमा श्रेष्ठता तय गरिने प्रणालीलाई नागरिकको सहभागिताद्वारा आमूल परिवर्तन गरी मुलुकका हरेक नागरिक एकै समान हुने प्रणालीको स्थापना नै गणतन्त्रको प्रमुख विशेषता हो । गणतन्त्र व्यवस्था परिवर्तनमात्र नभई राज्य सञ्चालनको पद्धति र नागरिकको जीवनस्तरमा सकारात्मक रुपान्तरण पनि हो । आज हामी स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न एवं गणतान्त्रिक मुलुकको सम्मानित र सार्वभौम नागरिक छौं । विना भेदभाव सबै नागरिकलाई समान हक, समान अवसर र समान हैसियत प्रदान गर्ने संवैधानिक सुनिश्चितता हुन सक्नु गौरवको विषय हो ।

नेपाली समाजको संरचना तथा भौगोलिक विशिष्टतालाई सम्बोधन गर्न संघीयता, समावेशिता एवं समानुपातिक प्रतिनिधित्वको सिद्धान्त अंगिकार गरिएको छ । विश्वव्यापी रुपमा स्थापित लोकतन्त्रका आधारभूत सिद्धान्त र नेपाली समाजको विशेषता अनुकूलका चरित्र थप गरिएको संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मौलिक राजनीतिक प्रणाली हो भन्ने तथ्य स्थापित हुँदै गएको छ । संघीय लोकतान्त्रिक गणतन्त्र संस्थागत हुँदै जाँदा नागरिकको विकास र समृद्धिको आकांक्षा पनि पूरा हुँदै जानेछ । संविधानले निर्दिष्ट गरेअनुरुप समाजवाद उन्मुख आत्मनिर्भर अर्थतन्त्रको निर्माण गर्दै सुशासनसहितको राज्य संचालनका पक्षमा दृढतापूर्वक उभिन जरुरी रहेको छ ।

जनताको त्याग, बलिदान र उत्सर्गबाट प्राप्त यो ऐतिहासिक उपलब्धिको रक्षार्थ सबैले आ-आफ्नो तहबाट जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्न आवश्यक छ । मुलुकको भौगोलिक अखण्डता, सार्वभौमिकता, स्वाधीनता र राष्ट्रिय मेलमिलाप तथा एकतालाई सुदृढ गर्दै न्यायमा आधारित आर्थिक समृद्धि हासिल गरी सभ्य, सुसंस्कृत तथा समुन्नत समाज निर्माणको बाटोमा अघि बढ्न हामी सबैमा उत्साह प्रदान गर्ने अपेक्षा गरेको छु ।

गणतन्त्रलाई सुदृढ बनाउन शासन प्रणालीको पारदर्शिता, जनताप्रति जवाफदेही राज्य प्रणाली, सुशासन, जनसहभागितासहितको विकास प्रक्रिया, सामाजिक न्याय, अवसरको न्यायोचित वितरण, रोजगारीमा तीव्र वृद्धि र सेवा प्रवाहमा चुस्तता अनिवार्य आवश्यकता हो । यसका लागि आदर्शप्रेरित, सिद्धान्तनिष्ठ राजनीति, आचरणशील तथा उच्च नैतिक राजनीतिक नेतृत्व पहिलो शर्त हो । उर्जावान युवाशक्तिलाई स्वदेशमै रोजगारी र उद्यमशीलताको वातावरण तयार गर्नु आजको प्रमुख आवश्यकता हो । यो दिनलाई उत्सवका रुपमा मात्र नमनाई आम नागरिकको जीवनसँग जोड्ने, विधिको शासन कायम गर्ने र देशलाई आर्थिक रुपमा सबल बनाउने प्रण आजको दिनमा हामी सबैले गर्नुपर्ने हुन्छ ।

अन्त्यमा, हामी सबै मिलेर हाम्रो प्रदेश र देशलाई शान्त, समुन्नत र समावेशी बनाउने दिशामा अगाडि बढौं । आजको यस ऐतिहासिक दिवसले सबै नेपालीहरूलाई संघीय लोकतान्त्रिक शासन व्यवस्थाको माध्यमद्वारा दीगो शान्ति, सुशासन र समृद्ध राष्ट्र निर्माणमा एकताबद्ध भई अघि बढ्न प्रेरणा प्रदान गर्न सकोस् भन्ने कामना गर्दछु ।

२०८३ जेठ १५ गते, शुक्रबार ।
११४६ अनालाध्व त्रयोदशी-१३ ।

डिल्लीराज भट्ट
प्रदेश प्रमुख